**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 24.11.2024**

## NEW PM- MANN KI BAAT

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट आफ्नो ११६ औँ संस्करणको 'मन की बात' कार्यक्रममा राष्ट्का नाममा सम्बोधन गर्दै, राजनीतिक पृष्ठभूमि नभएका परिवारका युवाहरूलाई राजनीतिमा आउन आग्रह गर्नुभयो। उहाँले आगामी केही महिनाभित्र देशमा यस्ता एक लाख युवालाई राजनीतिमा जोड्न विशेष अभियान सञ्चालन गरिने घोषणा पनि गर्नुभयो। श्री मोदीले अर्को वर्ष स्वामी विवेकानन्दको 162 औँ जन्मजयन्तीमा दिल्लीमा **'विकसित भारत युवा नेता संवाद'** आयोजना गर्ने जानकारी दिनुभयो। उहाँले भारतको भविष्य निर्माण गर्नेहरूका लागि यो ठूलो अवसर हुने पनि बताउनुभयो। स्वामी विवेकानन्दको जन्मजयन्ती मनाउन देशले हरेक वर्ष जनवरी १२ मा युवा दिवस मनाउने गर्छ। साथै, उहाँले प्राविधिक ज्ञान भएका युवाहरूलाई अघि सरेर वृद्धहरूलाई डिजिटल र अनलाइन ठगीको शिकार हुनबाट रोक्न आह्वान गर्नुभयो। आज एनसीसी दिवसका अवसरमा, प्रधानमन्त्रीले एनसीसीमा केटी क्याडेटहरूको भर्ना २५ प्रतिशतबाट बढेर झन्डै ४० प्रतिशत पुगेको जानकारी दिनुभयो। उहाँले राष्ट्रिय क्याडेट कोरले युवाहरूमा अनुशासन, नेतृत्व र सेवाको भावना जगाउँछ भन्नुभयो।

## Gold Cup

नर्थ ईस्ट युनाइटेड फुटबल, क्लब ४० औँ अखिल भारतीय गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता २०२४ को च्याम्पियन बनेको छ। आज सम्पन्न फाइनल खेलमा नर्थ ईस्ट युनाइटेडले घरेलु टोली गान्तोक हिमालयन स्पोर्टिङ क्लबलाई टाइब्रेकरमा पराजित गरेको हो। राज्यपाल श्री ओमप्रकाश माथुर प्रमुख अतिथिका रूपमा र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ विशेष अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। खेलको पूर्ण समय गोलरहित बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो। टाइब्रेकरमा, नर्थ ईस्ट युनाइटेड एफसीले चारै पेनाल्टी सटलाई गोलमा परिणत गऱ्यो तर गान्तोक हिमालयन एस.सीले पाँच सटमध्ये तीन गोल मात्र गर्न सफल भयो। फाइनल खेलको अर्को आकर्षण मुख्यमन्त्री एघार र जीटीए ११ बीचको प्रदर्शनी खेल थियो। नोभेम्बर ८ तारिखदेखि सुरु भएर पन्ध्र दिनसम्म चलेको यस फुटबल प्रतियोगितामा १६ टोलीको सहभागिता रहेको थियो। प्रतियोगिताको पछिल्लो संस्करण सन् २०१९ मा भएकाले चार वर्षको अन्तरालपछि प्रतियोगिता आयोजना गरिएको हो।

## Shanti Rai

सिक्किमकी पर्वतारोही सुश्री शान्ती राईलाई पर्वातारोहणमा उत्कृष्टताका लागि आई.एम.एफ स्वर्ण पदक प्रदान गरिएको छ।

## Namchi-Electoral Roll Observer Visit

नाम्ची जिल्ला मतदाता सूची पर्यवेक्षक सुश्री अन्नपूर्ण आलेले विभिन्न मतदान केन्द्रहरूको आफ्नो दुईदिने भ्रमण आज समापन गर्नुभयो। भ्रमणको दोस्रो दिन उहाँले जम्मा ५ वटा मतदान केन्द्रको निरीक्षण गर्नुभयो। यो भ्रमण मुख्य निर्वाचन अधिकारी, सिक्किमको कार्यालयले सुरु गरेको मतदाता नामावलीको विशेष सारांश संशोधनको एक भागका रूपमा मतदाता सूचीमा नामहरू समावेश गर्ने, मेटाउने, सुधार गर्ने र सार्ने कार्यमा केन्द्रित थियो। पर्यवेक्षकका भ्रमणका क्रममा राभाङ्ला र याङगाङका महकुमा अधिकारीहरू पनि साथमा थिए।

**Tsomgo XCM Challenge "Race to the Border"**

छाङ्गु क्रस कन्ट्री म्याराथन च्यालेन्ज अर्थात् राज्यमा साहसिक पर्यटन प्रवर्धन गर्न आयोजित क्रस कन्ट्री माउन्टेन बाइकिङ प्रतियोगितामा छिमेकी राज्यहरू पश्चिम बङ्गाल र अरुणाचल प्रदेशका साइकल यात्रीहरूलगायत कुल 50 साइकल यात्रीले प्रतिस्पर्धा गरेका छन्। कार्यक्रमलाई आज बिहान पर्यटन मन्त्री श्री टीटी भोटियाले एमजी मार्गबाट प्रस्थान गराउनुभयो।

**Trishakti Corps**

भारतीय सेनाको त्रिशक्ति कोरले हिजो गान्तोक-छाँगु मार्गमा 15 माइल, क्योङसालाका मानिसहरूलाई Open Air Gymnasium हस्तान्तरण गरेको छ। 10 हजार 4 सय फिटका उचाइमा अवस्थित, क्योङसालाका 100 देखि 200 मानिसहरू यस व्यायामशालाबाट लाभान्वित हुनेछन्। सेनाले नेटसहितको भलिबल सेट, क्रिकेट सेटलगायत खेलकुद सामग्री पनि उपलब्ध गराएको छ।

**Meghalaya-Marathon**

शिलङमा सम्पन्न **"आसाम राइफल्स हाफ म्याराथन २०२४"** को चौथो संस्करणमा २८ राज्य र तीन केन्द्र शासित प्रदेशका सबै उमेर समूहका 1 हजार 9 सय सहभागीले भाग लिएका छन्। शिलोङको लेटकोरस्थित असम राइफल्सको मुख्यालयबाट प्रस्थान गराइएको यो म्याराथन **फिट इन्डिया मुभमेन्ट** अन्तर्गत आयोजना गरिएको थियो। यो शून्य प्लास्टिक प्रयोग र फोहोर रिसाइक्लिङ्ग पहलहरू मार्फत वातावरणीय स्थिरतामा जोड दिन पूर्वोत्तरमा पहिलो हरित म्याराथनका रूपमा अघि सारिएको हो।